परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

❑ वर्ष ११ ❑ अंक ५ २०७९ भाद्र ५ गते आइतवार Sunday 21, AUG 2022 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-




## एशियाकै दोस्रो ठुलो विराटनगरको रथयात्रा
## ५४ औं राधाकृष्ण रथयात्रामा हजारौको सहभागीता



विराटनगर । एशियाकै दोस्रो ठूलो विराटनगरको ५४ औं संस्करणको राधाकृष्ण रथयात्रामा हजारौ भक्त जनहरु हर्सोउल्लासका साथ सहभागी भएका छन् ।

विराटनगर महानगर पालिका वडा नं. १ मा रहेको राधाकृष्ण मन्दिर परिसरवाट अपरान्ह शूरु भएको रथयात्रा विराटनगर बजार परिक्रमा गरी पुनः राधाकृष्ण मन्दिर परिसर पुगेर सम्पन्न भएको छ ।

तीनपैनीबाट निकालिने रथ यसअघि मेन रोडबाट ट्राफिक चोक, हिमालय रोड हुँदै कोशी लोक मार्ग प्रवेश गराएर बरगाछीबाट मन्दिरतर्फ लैजाने गरिएको थियो । तर सौन्दर्यीकरणको कामले हिमालय सडक अवरोध भएका कारण रथलाई रोडशेष चोकबाट कोशी लोकमार्ग भएर बरगाछी चौक हुदै रथ राधाकृष्ण मन्दर पुगेका थिए । रथयात्रालाई रोडशेष चौक सम्म लानुपर्ने माग धेरै पहिले देखिनै स्थानीयले उठाउदै आएका थिए । हिमालय सडक अवरोध भएपछि वाध्य भएर रथयात्रा रोडाशेष चोक पुर्‍याउनु परेको थियो ।

विक्रम संवत १९८९ सालबाट सुरु भएको खट यात्रालाई पछि गएर रथयात्रामा परिणत गरिएको हो । २०२५ सालदेखि विराटनगरमा रथयात्रा गरिँदै आएको छ । विश्वव्यापी कोरोना महामारीका कारण २०७७ सालको ५२ औं संस्करण र २०७८ को ५३ औं संस्करण भने खट यात्रामा सीमित भएको थियो । दुई वर्ष राधाकृष्णको युगल जोडीलाई खटमा राखेर नगर परिक्रमा गराइएको थियो ।

रथ २२ फिट लम्बाई, १४ फिट चौडाइ र १८ फिट उचाइको रथ तयार पारिएको छ । विराटनगरको रथयात्रालाई दक्षिण एसियाकै दोस्रो ऐतिहासिक रथयात्रा मान्ने गरिन्छ । रथयात्राको अवलोकन गर्न

वांकी अन्तिम पेजमा...

## निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम लगायतका कार्यविधी स्वीकृत

विराटनगर । प्रदेश नं. १ मन्त्रिपरिषद्को बैठकले केही कार्यविधि तथा निर्देशिका स्वीकृत गर्ने निर्णय गरेको छ । मुख्यमन्त्री राजेन्द्रकुमार राईको अध्यक्षतामा बसेको बैठकले विभिन्न ८ वटा कार्यविधि तथा निर्देशिका स्वीकृत गरेको हो ।

यातायात व्यवस्था तथा सञ्चार मन्त्री उपेन्द्रप्रसाद घिमिरेका अनुसार, बैठकले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयद्वारा प्रस्तुत 'संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी कार्यविधि, २०७९' स्वीकृत गरेको छ । उक्त कार्यविधि स्वीकृत भएपछि प्रदेश सरकारलाई कार्यबोझ अनुसार कर्मचारी दरबन्दी मिलान तथा संगठन संरचनालाई उद्देश्य मूलक र परिणाममुखी बनाउन मार्ग प्रशस्त हुनेछ ।

त्यस्तै बैठकले 'मुख्यमन्त्री ड्यासबोर्ड सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७९' स्वीकृत गरेको छ । सरकारले प्रदेश नं. १ लाई डिजिटल प्रदेश बनाउने लक्ष्यका साथ प्रदेश सरकारका मन्त्रालय र निकायहरूको काम-कारवाहीको सुपरीवेक्षण, अनुगमन र मूल्याङ्कनका लागि मुख्यमन्त्री ड्यासबोर्ड प्रयोगमा ल्याउने उद्देश्यका साथ निर्देशिका स्वीकृत गरेको मन्त्री घिमिरेले जानकारी गराउनु भयो ।

सोही बैठकले आर्थिक मामिला तथा योजना मन्त्रालयद्वारा प्रस्तुत 'निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम( सञ्चालन) कार्यविधि, २०७९' पनि स्वीकृत गरेको छ । उक्त कार्यविधि स्वीकृत भएसँगै अब प्रदेश सभा सदस्यलाई निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम

वांकी अन्तिम पेजमा...




## राष्ट्रिपतिले संघियसभा र राष्ट्रसभाबाट बहुमतले पारित
## नागरिकता विधियक फिर्ता गर्नु नागरिक माथि विभेद गरेको आरोप

विराटनगर । नागरिकता विधेयक राष्ट्रिपतिले १५ बुद्धे सन्देश सहित प्रतिनिधी सभामै फिर्ता पठाउनु राष्ट्रिपतिका कानूनी अधिकार भन्दा पनि नागरिक माथि विभेद गरको आरो एक कार्यक्रमका वक्ताहरुले लगाएका छन् ।

बृहत मधेशी नागरिक समाज केन्द्रिय कार्य समिति विराटनगरले नेपाल पत्रकार महासंघ मोरंगको सभाहलमा आयोजना गरको 'नागरिकता विधेयक पर नागरिक समाजके संवाद' विषयको अन्तरक्रिया कार्यक्रममा सहभागी वक्ताहरुले वताएका हुन् ।

प्रमुख वक्ताहरु मध्ये पूर्व प्राध्यापक राजेन्द्र प्रसाद गुप्ताले भने नेपाल भारत परापूर्वकाल देखि नै वेटी रोटीको सम्बन्ध रही आएको छ । नेपालका राजा रजौटाहरुले पनि भारतीय महिलालाई विवाह गरी ल्याएको थिए र विवाह गरेको भोलि पल्टै नागरिकता पाउथे तर आज ७ वर्ष पर्खिनु पर्ने कानुन वनाउनु भनेको नागरिक माथिको विभेद भएको वताउँदै यस्ता विभेद खास गरी मधेशी समुदायमा वर्षौ देखि शासक वर्गले गर्दै आएको त्यसैको निरन्तरता हो, जब कि बहुमतले संघिय सांसद र राष्ट्रिसभावाट पारित भएको विधेयकलाई राष्ट्रिपतिले फिर्ता गर्नु भनेको नागरिक माथिको विभेद भएको आरोप लगाए ।

त्यसैगरी लोकतान्त्रि समाजवादी पार्टी नेपालको मोरंग जिल्ला अध्यक्ष मोहम्द कादिरले भने हाम्रो पार्टी राष्ट्रिपतिले नागरिकता विधेयक फिर्ता गरको प्रति असन्तुष्टी जनाउँदै जिल्ला जिल्लामा राष्ट्रपतिको पुतला दहन गर्ने काम समेत गरको र नागरिकता विधेयक जस्ताको त्यस्तै पारित नभए सम्पर्ण मधेशी जनता एकजुट भई आन्दोलन गर्नुको विकल्प नरहको वताए ।

राष्ट्रपतिको सन्देशमा केपी शर्मा ओली नेतृत्वको सरकारले ल्याएको नागरिकता अध्यादेश किन स्वीकृत गर्नुपर्यो र अहिले नागरिकता विधेयक किन पुनर्विचार गर्न भनिएको हो ? संविधानको धारा १० को उपधारा २ मा 'नेपालमा प्रादेशिक पहिचाहनसहितको एकल संघीय नागरिकताको व्यवस्था गरिएको छ' उल्लेख छ । तर नागरिकता विधेयकले यसलाई सम्बोधन

वांकी अन्तिम पेजमा...



क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## महँगो...

निर्वाचनमा हुने बेथितिले कतिपय स्वतन्त्र मान्छेलाई कतै चुनाव नै गलत त होइन भन्ने परेको छ ।

विश्लेषक स्टेफन माइकसेल नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन भन्ने पुस्तकमा लेख्छन्, निर्वाचन अनेकौं माध्यमबाट नियन्त्रण गर्न सकिन्छ, जसमा यी कुराहरु पर्दछन्ः सूचना माथिको नियन्त्रण अथवा उम्मेदवारहरू तथा निर्वाचनको प्रकृतिसम्बन्धी कुसूचना, निर्वाचन संयन्त्र माथिको नियन्त्रण, निर्वाचन तथा मतगणनाको प्रक्रियामा बाधा, पुरै जालझेल गरेर तथा मतदाताहरूको केही खण्डलाई खास गरी श्रमिक वर्गका मतदातालाई तिनका आफ्ना हितको प्रवर्द्धन गर्न सक्ने गरी एकजुट हुन सक्ने गरी फुटाएर तथा अल्मल्याएर ।

चुनावका लागि पार्टीहरुले नै इमान्दारीता, योग्यता र पारदर्शिता जडित उम्मेदवारहरू उठाउनु पर्छ । कलङ्क, कुकर्म, नातावाद र अपराधले भरिएको उम्मेदवारलाई दलहरुले उठाउन हुँदैन । उठाएमा पनि जनताले हराउनुपर्छ । असल उम्मेदवारको विजयले नै लोकतन्त्र समृद्ध हुने हो । पारदर्शी चुनावका लागि चुनाव सम्पन्न गराउने निकायहरु तटस्थ हुनुपर्छ । रेफ्रीले पहिले नै फलानोको पक्षमा नतिजा दिनुपर्छ भन्ने सोचेर मैदान छिर्यो भने खेल पारदर्शी हुँदैन ।

स्वतन्त्र पर्यवेक्षक तथा नागरिक समाजले पारदर्शी चुनावको लागि खबरदारी गरिरहनु पर्छ । जसरी पनि जित्नुपर्छ भन्ने मानसिकता दलहरु, उम्मेदवारहरूले त्याग्नु पर्छ । सारा विकृति हटाएर चुनावलाई कम खर्चिलो, विवादरहित, निष्पक्ष, पारदर्शी र लोकतान्त्रिक बनाउन बरु दलहरु एकपटक हार्नुपर्छ भने पनि तयार हुनुपर्छ । गएको स्थानीय चुनावमा एकदम कम मत खसेको छ, बदर मत पनि घट्न सकेको छैन । जुन लोकतन्त्रका लागि झन् खतराको विषय हो । लेखक लामिछाने अनेरास्ववियुका वरिष्ठ उपाध्यक्षका साथै अधिवक्ता पनि हुन् । रातोपाटीबाट

## एशियाकै...

नेपालका विभिन्न जिल्ला र छिमेकी मुलुक भारतबाट समेत भक्तजन आउने गरेका छन् ।

रथयात्रालाई लक्षित गरेर सुरक्षा व्यवस्था कडा पारिएको मोरङ प्रहरीका प्रवक्ता डिएसपी दीपक श्रेष्ठले जानकारी दिएको थियो । उनका अनुसार रथयात्रालाई सुरक्षित र मर्यादित बनाउन सुरक्षाकर्मी परिचालन, निगरानी र आन्तरिक व्यवस्थापन लगायतका सुरक्षा रणनीति बनाइएको वताएका थिए ।

रथयात्राको सुरक्षाका लागि नेपाल र सशस्त्र प्रहरी तथा ट्राफिक प्रहरी परिचालन गरिएको थियो । रथयात्रामा ९ सय ६० जनाभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको थियो ।

प्रदेश नं. १ का मुख्यमन्त्री राजेन्द्रकुमार राईले स्वास्थ्य मापदण्ड पालना गराउनेगरी व्यवस्थित रथयात्राको प्रबन्ध गर्न प्रदेश नं. १ स्थित सुरक्षा प्रमुखहरूलाई निर्देशन दिनुभएको थियो ।

प्रदेश नं. १ को धार्मिक तथा सांस्कृतिक परम्पराको रुपमा रहेको रथयात्रा यस वर्ष कोभिड संक्रमणलाई ख्याल गरेर छोटो समयमा सम्पन्न गर्न उहाँले रथायात्रा व्यवस्थापन समिति र सुरक्षा प्रमुखहरूलाई निर्देशन दिनुभएको थियो ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा रथयात्रा तथा सञ्चालन हुने स्थानका बारे जानकारी लिएपश्चात् मुख्यमन्त्री राईले परम्परा पनि कायम हुने र नागरिकको स्वास्थ्य पनि जोखिम नहुनेगरी रथयात्राको व्यवस्थापन गर्न आग्रह गरेता पनि रथयात्रामा कुनै पनि स्वास्थ्य मापदण्ड पुरा गरेको पाइएको थिएनन् ।

## राष्ट्रपतिले...

नगरेको ?, २०५८ सालमा तत्कालीन सरकारले नागरिकता ऐनमा गर्न खोजिएको संशोधन (राजा वीरेन्द्रले) किन रोकेको थियो ?, सबैले नागरिकताको समस्यालाई दिगो रुपमा समाधान गर्न सकेन, 'अहिलेको विधेयकले पनि इतिहासदेखि छोडिएको प्रश्न र वर्तमान उठेका प्रश्नलाई सम्बोधन गर्न सकेको देखिएन ?

त्यसैगरी राष्ट्रपतिले वैवाहिक अंगीकृत नागरिकताको ७ वर्षे प्रावधानबारे पनि बोलेकी छन् । 'प्रावधान के गर्ने ? के नगर्ने ? संसदको जिम्मा हो, राष्ट्रपतिको चासो होइन । तर जुन विषय संसदमा त्यत्रो समयसम्म छलफल भयो, त्यो फिर्ता लिँदा त्यसको कारण जनतालाई भनिदिनुपर्छ । त्यसो भयो भने विवाद हुँदैन र अहिले उठेका प्रश्नहरु पनि हल हुन्छ, ।

१५ बुँदे सन्देशमा राष्ट्रपति भण्डारीले आमाको नामबाट नागरिकता लिँदा बाबुको पहिचान नभएको स्वघोषणा गर्नुपर्ने व्यवस्थामा चासो र चिन्ता व्यक्त गरेकी छन् । स्वघोषणाको प्रावधान बालबालिकाको मौलिक हकसम्बन्धी धारा ३९, महिलाको प्रजजन तथा मातृत्वको अधिकारसम्बन्धी धारा ३८ का साथै गोपनियताको हकसम्बन्धी धारा २८, सम्मानपूर्वक बाँच्न पाउने हकम्बन्धी धारा १६ सँग मिल्दो भए नभएको हेर्नुपर्ने, स्वघोषणाको व्यवस्थाले आमाले प्रजननसम्बन्धी गोपनियता खोल्नुपर्ने अवस्था आएको राष्ट्रपतिको बुझाइ छ ।

'यो व्यवस्थाले हामीले गरेको सम्पूर्ण संघर्ष निस्फल हुने त होइन ? हामी केलाई संस्थागत गर्दैछौं ? यो विषयमा किन हामीले गम्भीर रुपमा छलफल नगर्ने ?' सन्देशमा राष्ट्रपतिले केपी ओली सरकारले ल्याएको नागरिकता अध्यादेश किन जारी गर्नुपर्‍यो भनेर समेत सन्देशमा उल्लेख गरेकी छन् । नागरिकताको प्रमाणपत्र पाउन योग्य नागरिकतालाई नागरिकता दिन ढिला गर्न उपयुक्त नहुने भएकाले आफूले उठाएका सन्देशबारे तत्काल छलफल गरी प्रमाणीकरणका लागि पेश गर्न भनिएको थियो ।

राष्ट्रपतिले उठाएको यी विषयहरुको कार्यक्रममा उपस्थित वक्ताहरु ,मुस्लीम अगुवा नेता तबरेज हक, जनमत पार्टीको केन्द्रिय नेता परमेश्वर मुर्मु, नागरिक अगुवा गंगा प्रसाद यादव, सूर्य नारायण यादव, सदानन्द यादव, जनता समाजवादी पार्टी नेपालको नेत्री सदीना खातुन, समाजिक अभियन्ता ममता यादव, अधिवक्ता राजनारायण चौधरी, नेपाली कांग्रेसका नेता प्रदीप यादव, डा. अरूण ठाकुर लगायतले राष्ट्रपतिवाट नागरिकता विधेयक फिर्ताको कडा प्रतिवाद गरेका थिए ।

उक्त कार्यक्रमको उद्घोषण वृहत मधेशी नागरिक समाजका कोषध्यक्ष योगेन्द्र यादवले गरेका थिए भने समाजको अध्यक्ष सुर्यनाथ प्रसाद सिंहको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

## निर्वाचन...

शीर्षकमा प्राप्त बजेट विनियोजन गर्न बाटो खुल्नेछ ।

मन्त्रिपरिषद्को बैठकले 'कर्मचारी प्रोत्साहन कार्यविधि, २०७९' स्वीकृत गरेको छ । यो कार्यविधि स्वीकृत भएसँगै प्रदेशमा न्यूनतम ६ महिनादेखि कार्यरत कर्मचारीले प्रोत्साहनस्वरुप एकमुष्ठ एक महिनाको सुरु तलब स्केलबराबरको रकम पाउने मन्त्री घिमिरेले बताउनुभयो । बैठकले प्रदेशअन्तर्गतका निकायहरूको आर्थिक प्रशासनलाई सुव्यवस्थित, सार्वजनिक खर्चमा पारदर्शी, मितव्ययी र प्रभावकारी बनाउन 'सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९' को मस्यौदा स्वीकृत गर्ने निर्णय गरेको छ ।

त्यसैगरी बैठकले घरेलु मदिरा ब्राण्डिङ गर्न 'घरेलु मदिरा ब्राण्डिङ निर्देशक समिति तथा कार्यदेश' स्वीकृत गरेको छ । त्यस्तै, बैठकले प्रदेशमा श्रम ऐन, २०७४ कार्यान्वयनका लागि सहजीकरण गर्न, श्रमिकका हकअधिकारको सुनिश्चित गर्न तथा श्रमिक, रोजगारदाता र प्रदेश सरकारबीचको सम्बन्धलाई प्रभावकारी बनाउन 'प्रदेश श्रम सल्लाहकार परिषद् गठन सम्बन्धी(पहिलो संशोधन) निर्देशिका, २०७९ स्वीकृत गर्ने निर्णय गरेको छ ।

बैठकले प्रदेशमातहतका सरकारी अस्पतालमा कार्यरत विशेषज्ञ चिकित्सकलाई बिरामीको सेवाको लागि थप उत्प्रेरणा प्रदान गर्न 'विशेषज्ञ चिकित्सक प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७९' स्वीकृत गर्ने निर्णय गरेको यातायात व्यवस्था तथा सञ्चार मन्त्री उपेन्द्रप्रसाद घिमिरेले जानकारी दिनु भएको थियो ।





### कोभिड-१९ को जोखिम पुन: देखा परेको छ

यसबाट बच्न र बचाउन :
- सही तरिकाले मास्क लगाऔं,
- भेटघाट र जमघटमा कम्तिमा दुई मिटरको दुरी कायम राखौं,
- साबुनपानीले नियमित हात धोऔं वा स्यानिटाइजर प्रयोग गरौं,
- खोक्दा वा हाच्छिँयू गर्दा नाक, मुख छोप्ने गरौं,
- घर तथा कार्यालयमा नियमित सेनिटाइज गरौं,
- अनावश्यक भिडभाड नगरौं,
- हावा ओहोरदोहोर नहुने स्थान र भीडभाडमा नजाऔं,
- कोभिड-१९ विरुद्ध खोप लगाउन बाँकी भए तत्काल लगाऔं,
- कोभिडको लक्षण देखिएमा समयमा नै परीक्षण गरौं । सतर्क र सचेत बनौं ।

**नेपाल सरकार, विज्ञापन बोर्ड**

### स्वच्छ खाद्य पदार्थ उपभोगका लाग अनुरोध

- प्याक भएका खाद्य पदार्थहरुको लेवलमा उत्पादन मिति, उपभोग्य मिति, व्याच नं., तौल, उद्योगको नाम ठेगाना आदि हेरेर मात्र उपभोग गरौं ।
- अस्वभाविक रंग भएका रंगीचंगी खाद्य पदार्थ उपभोग नगरौं ।
- खाद्य पदार्थको गुणस्तर सम्वन्धमा कुनै गुनासो भए सम्बन्धित निकायमा जानकारी गराऔं ।
- साथै खाद्य पदार्थ उत्पादक उद्योगले खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयवाट अनुज्ञापत्र लिएपछि मात्र उत्पादन तथा विक्री वितरण गर्ने गरौं ।

**खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय विराटनगर**
**सम्पर्क :- ०२१४७०८२८**


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउटःविजय कु.मण्डल मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

### किन पालन भएन मुख्यमन्त्रीको निर्देशन ?

*एशियाकै दोस्रो ठूलो रथ यात्रा विराटनगरमा हिजो सम्पन्न भएको छ। उक्त रथयात्रामा हजारौको संख्यामा भीडभाड रहेको थियो। विगत २ वर्ष देखि विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरसका कारण रथयात्रा राकिएर खट यात्रामा भएको थियो। यस वर्षपनि कोरोना संक्रमण बढी रहेको वेला रथयात्रा नगर्ने मनसाय रहेको थियो तर जनसमुदायको व्यापक जनदवावले रथयात्रा गर्न आयोजक र प्रशासन वाध्य भएका थिए। रथयात्रा गर्न त गर्ने तर प्रदेश १ का मुख्यमन्त्री राजेन्द्रकुमार राईले स्वास्थ्य मापदण्ड पालना गराउने गरी व्यवस्थित रथयात्राको प्रबन्ध मिलाउन प्रदेश १ सुरक्षा प्रमुखहरुलाई निर्देशन दिएको थियो। तर त्यो निर्देशनका पालन गराउन सुरक्षा प्रमुखहरु असफल देखिएको थियो। हजारौको भिडभाड गरी निकालिएको रथयात्राले विराटनगरमा कोरोना संक्रमण बढेमा त्यसको जिम्मेवारी कसले लिने? त्यसैगरी प्रदेश नं. १ को धार्मिक तथा सास्कृतिक परम्पराको रुपमा रहेको रथयात्रा यस वर्ष कोभिड संक्रमणलाई ख्याल गरेर छोटो समयमा सम्पन्न गर्न उहाँले रथायात्रा व्यवस्थापन समिति र सुरक्षा प्रमुखहरूलाई निर्देशन समेत दिएका थिए। तर दुवै निकायले निर्देशन पालन गरेको देखिएन।*

*कोरोना संक्रमणमा नेपाल ७० औं स्थानमा रहेको छ। अहिले स्वास्थ्य तथा जनसंख्या मन्त्रालको तथ्यांक नियाल्ने हो भने प्रत्येक दिन संक्रिमतको संख्या बढ्दै गई रहेको छ। संक्रमित मध्ये १ प्रतिशतले ज्यान गुमाइरहको अवस्था छ। कोरोना संक्रमण परीक्षण गराएकामध्ये १८ प्रतिशतलाई कोरोना लागेको देखाउँछ। कोरोनाबाट भएको मृत्यु र संक्रमण पुष्टिको तथ्यांकले देशमा कोरोना तथ्यांक दिन दिनै वृद्धि भई रहको छ। जव परो राती अनी बढी ताती भन्ने उखान नेपालमा ठ्याक्कै मेल खान्छ। पहिला संचेत नहुने पछि हतार हतार तयारी गर्ने नेपाल सरकारको पुरानो रोग नै हो।*

*नेपाली समाजमा कृष्णजन्माष्टमी पहिलो भिडभाड गर्ने पर्व रहेको छ यस पछि जितीय, अनन्त, चरचन, दशै, तिहार र छठ पर्वहरु लगातार भई रहन्छ। राधाकृष्ण रथ यात्रा जस्तै हेलचेक्राई गर्ने हो भने कोरोना संक्रमण वृद्धि हुनु स्वभाविक नै हुने छ। त्यसको व्यवस्थापन गर्न नेपाल सरकारलाई हम्मे हम्मे पक्कै हुने छ। त्यसर्थ कुनै पनि चाडपर्व होस स्वास्थ्य मापदण्ड पुरा गराउन आम नागरिक लाग्नु पर्छ। प्रशासनलाई दिएको निर्देशन पालना गराउनु पर्छ अन्यथा निर्देशन दिएको अर्थ के नै हुन्छ। कोरोना सक्रमणवाट बच्न सवै जना सचेत रहौ, स्वास्थ्य रहौ त्यसैमा सबैको कल्यान हुने छ।*

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ। भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# महँगो चुनाव लोकतन्त्रका लागि खतरा

**आरसी लामिछाने**

हामी भर्खरै स्थानीय तहको चुनाव सकेर संसदीय र प्रदेश स्तरीय चुनावको तयारीमा छौं। मङ्सिर ४ गते देश चुनावमा जाने निश्चित भैसकेको छ। यस सन्दर्भमा चुनावको विविध पक्षमा छलफल सुरु भएको छ। यो लेख सोही छलफलमा जोडिने एक प्रयास हो । प्रस्तुत लेखमा केही सैद्धान्तिक कुरा र केही निजी अनुभव समेटिएको छ। समाज परिवर्तनको सहज माध्यम, सत्ता परिवर्तन र हस्तान्तरणको विधि निर्वाचन हो। यसले महत्वपूर्ण सवालहरूको निकास पनि दिन्छ। निर्वाचनबाट खराब जनप्रतिनिधि लाई हराउन पनि मिल्छ। राजनीतिका प्रतिनिधिहरूलाई कानुनी मान्यता प्रदान गर्न र जनताको सम्प्रभुताको प्रयोग गर्न पनि चुनाव चाहिन्छ ।

विधिको शासन स्थापना गर्न, मतदाताको सार्वभौम मताधिकार को सुनिश्चितता गर्न निर्वाचन आवश्यक हुन्छ। निर्वाचन सम्पूर्ण शासन व्यवस्थाको मुटु हो। यसको शृंखला निष्पक्ष, स्वतन्त्र निर्वाचन, असल प्रतिनिधिको छनोट, असल कानुन हुँदै असल शासनसम्म पुग्ने बाटो हो। जुनसुकै शासन व्यवस्था टिकाइ राख्न पनि चुनाव चाहिन्छ। पटक पटकको निर्वाचनले सम्प्रभुता जनतामा रहेको तथ्यलाई पुनर्पुष्टि गर्छ।

निर्वाचनले जनतालाई राजनीतिका रुपले प्रशिक्षित पनि गर्छ। निर्वाचनले एक व्यक्ति एक भोटको अभ्यासद्वारा समानताको सन्देश पनि दिन्छ। 'नेपाली क्रान्तिको कार्यक्रम : जनताको बहुदलीय जनवाद' पुस्तकको बुँदा नम्बर ४.६ को आवधिक निर्वाचन शीर्षकमा जननेता मदन भण्डारी भन्नु हुन्छ कि जनताले नै पनि एक पटक गरेको निर्णय सधैंका लागि शाश्वत हुन सक्दैन। त्यसकारण निश्चित अवधिमा आम निर्वाचन हुनुपर्छ।

चुनावको अभ्यास युनानी राज्यहरुमा छैटौं शताब्दीदेखि नै सुरु भएको मानिन्छ। सन् १२१५ को म्याग्नाकार्टा, सन् १६८८ को बेलायतको रक्तपातविहीन क्रान्ति, सन् १७७५ को अमेरिकी स्वतन्त्रता संग्रामको घोषणापत्रले लोकतन्त्रको जग बसाले।

नेपालमा २००७ सालको प्रजातन्त्र आउनुअघि नै नगरस्तरीय चुनाव भएको थियो। २०१५ सालमा १०९ स्थानको लागि प्रत्यक्ष चुनाव प्रणाली अर्थात् पहिलो हुनेले जित्ने प्रणालीमार्फत निर्वाचन सम्पन्न भएको थियो। उसो त २००७ देखि २०१५ साल बीचमा कर्मवीर महामण्डलले प्रजातन्त्रमा हुने आवधिक निर्वाचनको विरोध पनि गरेको थियो।

सन् १९१० ताका चीनमा महिला नेताहरुलाई मताधिकार प्रदान गरिएको पाइन्छ । न्युजिल्यान्डले सन् १८९३ मा महिलालाई मताधिकार प्रदान गरेको थियो। सन् १९१८ मा बेलायतमा ३० वर्ष पुगेका महिलालाई मात्र मताधिकार दिइएको थियो।

अमेरिकी संविधानको १९ औं संशोधनले सन् १९१९ बाट महिलालाई मताधिकार दियो। स्विट्जरल्यान्डले सन् १९६१ मा मात्रै पहिलोपटक महिला लाई मताधिकार प्रदान गरेको थियो। राजनीतिक अधिकार सम्बन्धी महासन्धि १९५२ को धारा १ ले महिलाहरुले कुनै पनि भेदभाव बिना पुरुष सरह सबै निर्वाचनमा मतदान गर्न पाउने, बिना कुनै भेदभाव पुरुष सरह निर्वाचनका लागि योग्य हुने विषयलाइ प्रत्याभूति गरेको छ।

केही आफ्ना अनुभव

स्थानीय चुनावमा खास गरी समाजसेवी, स्वयंसेवक, आफन्त, व्यक्तिको खटाइ र व्यक्तिको लोकप्रियता हेरिँदो रहेछ। मर्दा पर्दा दु:ख सुखमा कति आको छ भन्ने हेरिँदो रहेछ भने संसदीय चुनावमा पार्टी, राष्ट्रिय एजेन्डा, व्यक्तिको राष्ट्रिय प्रभाव र पहुँच हेरिँदो रहेछ।

सिद्धान्तत: चुनाव भनेको लोकतन्त्र ठिक छ कि छैन भनेर जाँच्ने एउटा माध्यम हो। लोकतन्त्र नाङ्गो आँखाले देख्न सकिन्न तर निर्वाचनको तराजुमा राखेर जोख्न सकिन्छ। विदितै छ कि व्यवहारिक रुपमा हामी अहिले कस्तो निर्वाचन गरिरहेका छौं। वास्तवमा अहिलेको निर्वाचनले लोकतन्त्र लाई समृद्ध बनायो कि झन दरिद्र बनायो, चिन्ताको विषय हो।

उसो त संसार भरको चुनावमा तिकडमबाजी हुँदैन होला भनेर कल्पना गर्न सक्दिन। किनभने राजनीतिको शास्त्रीय र आधुनिक दुवै परिभाषामा छलकपटलाई स्थान दिइएको छ। तर म यही तत्वलाई समस्या देख्छु। हामी सबैजना जबजको आधारभूत मान्यता लोकतन्त्र, कानुनी राज्य, मानवाधिकार मान्ने ठाउँमा आइपुगेका छौं।

हामीले अभ्यास गरिरहेको आजको लोकतन्त्र यिनै दलहरूको ठुलो आन्दोलनबाट आएको हो। तसर्थ यसको जगेर्ना र विकास पनि यिनै दलहरुको हो। हामीले नै चुनावमा पारदर्शिता अपनाउनु पर्छ। म पछिल्लो दुइ दशक लगातार संसदीय चुनावमा उल्लेखनीय भूमिकामा छु। यस बिचमा मलाई महसुस भएको कुरा के हो भने चुनावले वास्तविक लोकतन्त्र दिन्छ त ? मलाई शंका छ। चुनावमा धेरै विकृतिहरु देखा परेको छ। जसरी पनि जित्नु पर्छ भन्ने मानसिकता नै मुख्य विकृति हो। यसले अरु विकृतिलाई निमन्त्रणा दिन्छ।

जसरी पनि जित्ने भनेपछि साम दाम दण्ड भेदको नीतिमा लाग्ने भो उम्मेदवार। हामीले देख्यौ कि मान्छे शुन्य समयमा बोराको बोरा पैसा लिएर घर घर सुलसुले भै लागे। उम्मेदवारले मतदातालाई तत्काल प्रभाव पर्ने गरी राहत वितरण गरे, जिन्सी बाँडे, क्षणिक मागहरुमा आंशिक सहयोग गरे।

उम्मेदवारहरुको चुनावी अभियान हेर्दा यस्तो लाग्छ कि हामी पार्टी र व्यक्ति होइन, सोझै पैसाको चुनाव गरिरहेका छौं। जबकि चुनाव जित्ने भनेको त मन जितेर हुने हो, न कि मत किनेर। चुनावमा योजना, कार्यक्रमहरुको प्रतिस्पर्धा हुनुपर्ने हो तर जसरी पनि चुनाव जित्नुपर्ने मनोविज्ञानले सोझै मत किन्ने ठाउँमा हाम्रो चुनाव आइसकेको छ।

चुनावमा सुका पनि खर्च नहुन पर्ने हो तर यहाँ डलर, भारु र नेरुको खोलो बग्ने अवस्था छ। लोकतन्त्र बचाउन र आवधिक निर्वाचनको शुद्धता जोगाइराख्न पनि चुनावलाई पैसारहित बनाउनु पर्छ। शेरबहादुर देउवाले नै भनिसके कि चुनाव महँगो भयो। चुनाव भन्ने बित्तिकै पैसा सम्झेर नेताहरुलाई ज्वरो आउँछ। हामीले यस प्रकारको विकृति रोक्नुपर्छ। रोक्नका लागि आचारसंहिताको कडाइका साथ पालना गर्नुपर्छ। कसैले चाहेर पनि पैसा बाँड्ने, मतदातालाई अनुचित प्रभाव पार्ने अवस्था आउने दिनु हुन्न।

उम्मेदवार एउटा योगीको अवतारमा उभिनुपर्छ। यसमा मैले युवा विद्यार्थीको भूमिका टड्कारो देख्छु। चुनावमा पैसाको प्रयोगले सक्षम, विचारवान, भिजनरी, नयाँ सोँच भएका युवालाई चुनाव लड्न आँट दिइरहेको छैन। किनभने युवासँग पैसा हुन्न। पैसा नहुनेले चुनाव जित्न सक्दैन भन्ने आमधारणा बनिसकेको छ। पैसाकै बलमा कतिपयले चुनाव क्षेत्र लालपुर्जा पास गरेर लिएजस्तो देखिन्छ।

चुनावमा अर्को विकृति पनि छ। कर्मचारी र पुलिसले चुनाव एकदम प्रभावित पार्छन्। अहिलेको चुनावमा काँग्रेस नेता खुमबहादुर खड्काले भर्ती गरेका प्रहरी ठुलो ओहदामा गए, जो कांग्रेसलाई जिताउन प्रतिवद्ध भएर लागे। मैले आजसम्म कुनै पनि चुनावमा स्वतन्त्र कर्मचारी देखेको छैन।

आफूले समर्थन गरेको पार्टीलाई छाप हानेको मतपत्र आउँदा कर्मचारी खुसी हुन्छ, नत्र निरास हुन्छ। पुलिसको रवैया हेर्दा यस्तो लाग्छ, उनीहरु कसैलाई जिताउन कसम खाएर लागेका छन्। चुनावको एक महिनाअघि नै इन्स्पेक्टर लैजाने, अधिकृत लैजाने सेटिङ भएर यसपालिको चुनाव सकिएको छ।

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# लागुऔषध ब्राउनसुगर र ट्याब्लेट सहित तीन पक्राउ

बिराटनगर। झापा र मोरङका दुई छुट्टाछुट्टै स्थानहरुबाट लागुऔषध ब्राउनसुगर र लागुऔषध ट्याब्लेट सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ।

शनिबार दिउँसो प्रहरी चौकी बिर्ताबजारबाट खटिएको प्रहरी टोलीले बिर्तामोड नगरपालिका-४ पुरानो बिजुली अफिस छेउबाट लागुऔषध ब्राउनसगुर सहित १ जनालाई पक्राउ गरेको छ। मे.१ ह.२९२१ नम्बरको अटो लिई बिर्ताबजारबाट बुटाबारी तर्फ जाँदै गरेका अटो चालक सुनसरी घर भइ हाल सोहि स्थान बस्दै आएका ४० बर्षीय उमेश चौधरीको साथबाट लागुऔषध ब्राउनसुगर ४ ग्राम २०० मिलिग्राम बरामद भएको थियो।

पक्राउ परेका चालकलाई सोधपुछ गर्दा अमरुवा गाउँपालिका-५ सिराहा घर भइ हाल बिर्तामोड-३ बिर्ताबजारमा डेरा गरी बस्ने २७ बर्षीय प्रतिक्षा चौधरी समेतको संलग्नता रहेको खुलेसँगै प्रतिक्षाको कोठाबाट समेत प्रतिबन्धित लागुऔषध ब्राउनसुगर ५ ग्राम बरामद भएको थियो।

त्यसैगरी शनिवार दिउँसो बिराटनगर महानगरपालिका-१६, हुलास चौक स्थितमा भारतबाट नेपाल तर्फ आउदै गरेको पैदल यात्री मोरङ बेलबारी नगरपालिका-११ बस्ने ४५ बर्षीय प्रकाश बस्नेतलाई लागुऔषध ब्युरो बिराटनगरबाट खटिएको टोलिले शंका लागि चेकजाँच गर्दा बस्नेतको साथबाट लुपिजेसिक १५ ऐम्पुल,फेनारगन १५ ऐम्पुल,डाईजोपाम १५ ऐम्पुल,ऐभिल १५ ऐम्पुल बरामद भएको थियो।

लागुऔषध सहित पक्राउ परेका उनीहरुको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

# १ नम्बर प्रदेश प्रहरी कार्यालय हाता भित्र वृक्षारोप

बिराटनगर। संगठन प्रमुख प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगरको हाता भित्र बृक्षारोपन गर्नु भएको छ।

प्रदेश स्तरिय अपराध अनुसन्धान सुरक्षा गोष्टीको अवसरमा १ नम्बर प्रदेश प्रहरी कार्यालय पाल्नु भएका संगठन प्रमुख प्र.म.नि. सिंहले विहीवार कार्यालयको हाता भित्र आयोजित एक कार्यक्रमका बिच बृक्षारोपन गर्नु भएको थियो।

बृक्षरोपन कार्यक्रममा नेपाल प्रहरी प्रधान कार्यालय काठमाण्डौका प्रहरी अतिरिक्त महानिरीक्षक उत्तमराज सुवेदी, १ नम्बर प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक सुदिप गिरी, नेपाल प्रहरी प्रधान कार्यालय काठमाण्डौका प्रहरी नायव महानिरीक्षक भिम प्रसाद ढकाल, प्रहरी बरिष्ठ उपरीक्षक चन्द्र कुबेर खापुङ, १ नं. प्रदेश प्रहरी तालिम केन्द्रका समादेशक प्रहरी बरिष्ठ उपरीक्षक राजेशनाथ बास्तोला तथा १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगरका प्रहरी बरिष्ठ उपरीक्षक जय राज सापकोटा समेतले बृक्षारोपन गर्नु भएको थियो।

बृक्षारोपन कार्यक्रम अगावै संगठन प्रमुख प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहलाई प्रदेश प्रहरी तालिम केन्द्रको एक टुकडीले सलामी अर्पण गरेको थियो भने प्र.म.नि. सिंहले अमर प्रहरी स्मारकमा पुष्पगुच्छा अर्पण गर्नु भएको थियो।

सोहीक्रममा संगठन प्रमुख प्र.म.नि. सिंहले १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगरको कार्यालय भवन अवलोकन निरीक्षण समेत गर्नु भएको थियो।

भर्ना खुल्यो
प्रदेश नं. १ मा
भौतिक पुर्वाधारले सम्पन्न तथा
निजी क्षेत्रको अग्रणी कलेज
विराट हेल्थ कलेजमा
H.A (General Medicine)
Radiography
D. Pharmacy
Lab Technician
फारम भर्ने अन्तिम मिति : २०७९ श्रावण ३१ गते सम्म।
प्रवेश परीक्षा : २०७९ भाद्र ४ गते ११ बजे।
सम्पर्क
विराट हेल्थ कलेज, विराटनगर
Website : www.birathealthcollege.edu.np
Email : birathealthcollege2020@gmail.com
०२१४२०९७३, ४२०९७४, मो. ९८४२०४५०४०

# क्यों और कैंसे मनाते हैं कृष्ण जन्माष्टमी, जानें इस दिन का इतिहास और महत्व




जब जब धरती पर पाप और अधर्म हद से ज्यादा बढ़ा है, भगवान ने धरती पर अवतार लिया है। भगवान विष्णु किसी न किसी उद्देश्य की पूर्ति के लिए धरती पर अवतरित हुए। विष्णु जी का एक अवतार श्रीकृष्ण थे। मथुरा की राजकुमारी देवकी और वासुदेव की आठवीं संतान के रूप में जन्में कान्हा का बचपन गोकुल में माता यशोदा की गोद में बीता। राजा कंस से बचाने के लिए वासुदेव ने कान्हा के जन्म के बाद ही उन्हें अपने चचेरे भाई नंदबाबा और यशोदा को दे दिया था। श्रीकृष्ण ने अपने जन्म से लेकर जीवन के हर पड़ाव पर चमत्कार दिखाए। श्रीकृष्ण के जीवन से जुड़े कई किस्से हैं, जो मानव समाज को सीख देते हैं। अधर्म और पाप के खिलाफ सही मार्गदर्शन करते हैं। उनके जन्मदिवस को उत्सव की तरह हर साल भक्त मनाते हैं। कृष्ण जन्माष्टमी का पर्व इस साल ज्ञड/ज्ञढ अगस्त को मनाया जा रहा है। इस मौके पर जानिए कृष्ण जन्माष्टमी का इतिहास और महत्व।

**कृष्ण जन्माष्टमी का इतिहास**

भारत में कृष्ण जन्माष्टमी का त्योहार बहुत ही धूमधाम और श्रद्धा भाव के साथ मनाया जाता है। हिंदू धर्म में मान्यता है कि भाई कंस के अत्याचार को कारागार में रह सह रही बहन देवकी ने भाद्रपद के कृष्ण पक्ष की अष्टमी तिथि को अपनी आठवीं संतान के रूप में श्रीकृष्ण को जन्म दिया था। भगवान विष्णु ने पृथ्वी को कंस के अत्याचार और आतंक से मुक्त कराने के लिए अवतार लिया था। इसी कथा के अनुसार हर साल भाद्रपद की अष्टमी को कृष्ण जन्माष्टमी का पर्व मनाया जाता है।

**कृष्ण जन्माष्टमी का महत्व**

पुराणों के मुताबिक, श्रीकृष्ण त्रिदेवों में से एक भगवान विष्णु के अवतार हैं। कृष्ण के आशीर्वाद और कृपा को पाने के लिए हर साल लोग इस दिन व्रत रखते हैं, मध्य रात्रि में विधि विधान से पूजा अर्चना करते हैं। भजन कीर्तन करते हैं और जन्मोत्सव मनाते हैं। इस दिन के लिए मंदिरों को विशेष तौर पर सजाया जाता है। कुछ स्थानों पर जन्माष्टमी पर दही-हांडी का भी उत्सव होता है।

**कैसे मनाते हैं कृष्ण जन्माष्टमी ?**

जन्माष्टमी पर भक्त श्रद्धानुसार उपवास रखते हैं। भगवान श्रीकृष्ण की विशेष पूजा अर्चना की जाती हैं। बाल गोपाल की जन्म मध्य रात्रि में हुआ था। इसलिए जन्माष्टमी की तिथि की मध्यरात्रि को घर में मौजूद लड्डू गोपाल की प्रतिमा का जन्म कराया जाता है। फिर उन्हें स्नान कराकर सुंदर वस्त्र धारण कराए जाते हैं। फूल अर्पित कर धूप-दीप से वंदन किया जाता है। कान्हा को भोग अर्पित किया जाता है। उन्हें दूध-दही, मक्खन विशेष पसंद हैं। इसलिए भगवान को भोग लगाकर सबको प्रसाद वितरित किया जाता है।

**क्यों और कैसे मनाते हैं दही हांडी ?**

कुछ जगहों पर जन्माष्टमी के दिन दही हांडी का आयोजन होता है। विशेषकर इसका महत्व गुजरात और महाराष्ट्र में है। दही हांडी का इतिहास बहुत दिलचस्प है। बालपन में कान्हा बहुत नटखट थे। वह पूरे गांव में अपनी शरारतों के लिए प्रसिद्ध थे। कन्हैया को माखन, दही और दही बहुत प्रिय था। उन्हें माखन इतना प्रिय था कि वह अपने सखाओं के साथ मिलकर गांव के लोगों के घर का माखन चोरी करके खा जाते थे। कान्हा से माखन बचाने के लिए महिलाएं माखन की मटकी को ऊंचाई पर लटका दिया करती, लेकिन बाल गोपाल अपने सखाओं के साथ मिलकर एक पिरामिड बनाकर उसके जरिए ऊंचाई पर लटकी मटकी से माखन चोरी कर लेते। कृष्ण के इन्ही शरारतों को याद करने के लिए जन्माष्टमी में माखन की मटकी को ऊंचाई पर टांग दिया जाता है। लड़के नाचते गाते पिरामिड बनाते हुए मटकी तक पहुंचकर उसे फोड़ देते हैं। इसे दही हांडी कहते हैं, जो लड़का ऊपर तक जाता है, उसे गोविंदा कहा जाता है।



## अहिले घर भित्रका पारिवारीक डाक्टर भनेकै गृहणी

लक्ष्मी भण्डारी थापा

हाम्रो जिउने आधार भनेकै खाना हो, यसैले हाम्रो स्वास्थ्य निर्धारण गर्छ। स्वस्थ र स्वच्छ खानाले नै हाम्रो शरीरलाई बलियो बनाउने वा कमजोर राख्ने भन्ने कुराको निर्धारण गर्छ। घरभित्रको अस्पताल भनेकै भान्छा घर हो र त्यसका डाक्टर भनेका गृहिणी हुन्। उनीहरू सजग छन् भने घरका सम्पूर्ण परिवार स्वस्थ हुने अमेरिकामा गरिएको एक सर्वेक्षणले देखाएको छ।

अहिलेको लकडाउनका बखत हरेक व्यवसायमा आबद्ध महिलाको दिनचर्या गृहिणीका रूपमा बितिरहेको छ। अरू बेलाका गृहिणीहरू अहिले 'सुपर गृहिणी' भएको बौद्धकी पूर्णिमा केसी भन्छिन्, 'अरू बेला भान्छाको सरसफाइलगायत स्वस्थतामा अलि अल्छी भइन्थ्यो अहिले त सबैभन्दा अगाडि साबुनपानीले हात धुने कुरा मात्रै याद आउँछ'। उनी आजकल भान्छा छिर्नुअघि नुहाएर मात्र काम सुरु गर्छिन्। शिक्षिका सीता धितालको अहिलेको धेरै समय भान्छामै बित्छ। स्कुल बन्द भएपछि उनले ३ दिन लगाएर भान्छा सफा गरिन्। अहिले उनी तरकारी तातो पानीमा भिजाउनेदेखि लिएर भान्छाको अन्य सरसफाइमा बढी समय खर्चिन्छिन्। छाउनीकी धिताल भन्छिन्, मलाई त अहिले घरका सम्पूर्ण सदस्यको डाक्टर मै हुँ भन्ने लाग्न थालेको छ।

सोल्टी क्राउन प्लाजाकी मार्केटिङ हेड अनिता बस्नेत अहिले परिवार र भान्छाको सही व्यवस्थापन नै आफ्नो जिम्मेवारी भएको बताउँछिन्। बस्नेत भन्छिन्, सबैभन्दा पहिले भान्छामा काम गर्नेले थाहा पाउनुपर्छ कुन खाना के कुराका लागि सही हुन्छ। शरीरमा रोग प्रतिरोधात्मक क्षमता बढाउने खाना के-के हुन्? बिहान के खाएर दिनको सुरुवात गर्ने, खाना र खाजामा कस्ता खानेकुरा खाने यो सबैको जिम्मेबारी अहिले भान्छेको थाप्लोमा हुन्छ। अहिले म युट्युब हेरेर, बिभिन्न समाचार पढेर स्वास्थ्यबर्द्धक खाना बनाउन र खान थालेकी छुँ।

दुगडकी ब्रान्ड हेड भिमला थापालाई पनि अहिले परिवारका हरेक सदस्यको स्वास्थ्यलाई ड्राइभ गर्ने ड्राइभर भनेकै गृहिणी हुन् भन्ने लाग्छ। उनले लकडाउन सुरु भएदेखि अनलाइन सपिङमा स्वस्थ्यबर्द्धक खाद्यान्न अर्डर गर्दै आइरहेकी छिन्। घरमा डेलिभरि गरिएका खाद्यान्नलाई उनी कम्तीमा पनि ३ घण्टा बाहिरै घाममा राख्छिन्। त्यसपछि मात्रै घरभित्र हुल्छिन्। थापा भन्छिन्, मलाई त बजारबाट घर ल्याइएका सामग्रीमा पनि त्यत्तिभर लाग्दैन। अहिले मैले बिभिन्न सुरक्षा अपनाउन थालेकी छु, किनेर ल्याएको सामग्रीलाई घाममा राख्ने, पानीमा भिजाउने, मनतातो पानीमा डुबाउनेदेखि लिएर बाहिरबाट घर फर्केकाहरूलाई समेत राम्ररी साबुन पानीले हात, मुख, खुट्टा धोएर मात्रै भित्र पस्ने नियम बनाएकी छु।

बिएन नर्सिङकी प्राध्यापक श्रुतिका श्रेष्ठ आफैं पनि स्वास्थ्यकर्मी भएकाले भान्छामा उनले विशेष सजगता अपनाउने नै भइन्। उनी आमा र भाइलाई स्वस्थता र पोषणयुक्त खानेकुराबारे प्रत्येक दिनजसो कक्षा दिन्छिन्। यस्ता भाइरस र रोगहरूबाट बच्ने तरिका सिकाउँछिन्। अहिले घरमा भान्छामा काम गर्ने उनै हुन्। त्यसैले उनले अहिले बिहानको भान्छा उतारिसकेपछि र राति सुत्नुअघि डिटोल पानी छर्किएर सफा गर्ने गरेकी छिन्। भान्छामा बासी खानेकुरा नराख्ने, बढी मात्रामा ताजा तरकारी र गेडागुडीको प्रयोग तथा पानीलाई मात्र उमालेर पिउने उनले रुटिन नै बनाएकी छिन्।

डब्ल्यूएचओकी एक्ज्युकेटिभ उपासना राणा अफिस बन्द भएपछि साना दुई नानीहरू र परिवारको रेखदेख गर्ने सुरक्षाकर्मी नै बनेकी छिन्। घरमा के पकाउने, कस्तो पकाउने, कसरी पकाउने उनैमा निर्भर हुन्छ तसर्थ उनी भान्छामा विशेष सजगता अपनाउनु जरुरी भएको बताउँछिन्। म अहिले भान्छामा पस्नुअघि आफूलाई सफा राख्न नुहाउने गर्छु। अर्कै कोठामा छु भने पनि दिउँसो खाजा बनाउने समयमा आफू सफा भएकोमा ढुक्क भए पनि मात्र भान्छामा पस्छु। खानामा पनि आजकल म बेसार, ज्वानो, मेथी, जाइफल, ल्वाङ, सुकमेल, दालचिनी लगायतका मसला बढी प्रयोग गर्न थालेकी छु जुन पहिले न्यून प्रयोग हुन्थ्यो।


**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो। त्यसैले कर तिरौं देशको राजश्व बढाऔं।

स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस्।

लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर

कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं।

सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**


## पशू चिकित्सकहरूको मागलाई वेवास्ता गरी संघिय सांसदवाट पारीत भएको विधेयकको विरोध

विराटनगर। नेपाल भेटेरिनरी एशोसिएसनले देशभर का दर्तावाल पशु चिकित्सकहरुले राखेका मागहरुलाई वेवास्ता गर्दै संघिय सांसदबाट पारित विधेयक को विरुद्धमा पशु चिकित्सकहरुले आन्दोलन घोषणा गरको छन्।

पशु स्वास्थ्य तथा पशु सेवा परिषद विधेयक २०७९ साल श्रावण ३१ गते प्रतिनिधि सभामा धेरै सतापक्ष तथा प्रतिपक्षदलका माननीयहरुले राखेका सुझाव हरुलाई समेत बेवास्ता गरी विधेयक पारित भएपछि विरोधका कार्यक्रम घोषणा गरेका हुन्।

एशोशिएसनले नेपाल पत्रकार महासंघ मोरंगको सभाहलमा पत्रकार सम्मेलन गरी हाम्रो माग सम्बोधन नभए भाद्र ३,४ र ५ गते अत्यावश्यकका बाहेक उपचार सेवा बन्द गर्ने, प्रदेश समितिले तोकेको मितिमा प्रदेश भेला, अनिश्तिकालिन रुपमा भेटेरिनरी शिक्षा सञ्चालन हुने विश्वविद्यालय, कलेज, सिटि इ भिटी र शिक्षा विभाग अन्तर्गतका स्कुलहरुमा अनिश्चितकालिन रुपमा अध्ययन अध्यापन बन्द गर्ने, अनिश्तिकालिन पशुपन्छी स्वास्थ्य प्रमाणपत्र जारी नगर्ने, भाद्र ७ गते काठमाडौंमा विशेष साधारण सभा गरी आन्दोलनको कडा कार्यक्रम ल्याउने एशोसिएसनका अध्यक्ष संजय कुमार यादवले वताए।

त्यसैगरी नेपाल भेटेरिनरी एशोसिएसनले देशभरका दर्तावाल पशु चिकित्सकहरुले राखेका मागहरु समेत सम्बोधन गरेर प्रस्तावित पशु स्वास्थ्य तथा पशु सेवा परिषद विधेयक अगाडि बढाइयोस भन्ने माग पटक पटक कृषि तथा पशुपन्छी विकास मन्त्रालय, संघीय संसदको कृषि सहकारी तथा प्राकृतिक श्रोत समितिमा पेश गर्दै आएका थियो। कृष तथा पशुपन्छी विकास मन्त्रालयमा मस्यौदा तयारीको शुरुका केही बैठकपछि अन्य बैठकमा सरोकारवालाहरुको हुलहुज्जत, अमर्यादित प्रस्तुति हुन थालेपछि नेपाल भेटेरिनरी एशोसिएसनले कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा भएका बैठकमा केही विषयमा लिखित असहमति समेत जाहेर गरेको यादवले वताए।

जुन असहमतिका विषय कृषि सहकारी तथा प्राकृतिक श्रोत समितिमा पठाइने भनिएको थियो। तर कृषि सहकारी तथा प्राकृतिक श्रोत समितिले समेत देशको एउटा विद्वत र प्राज्ञिक समूहको न्युनतम जायज मागहरुलाई बेवास्ता गरी २०७९ श्रावण २२ मा प्रतिनिधि सभामा विधेयक पेश गरेको थियो। हामीले पटक पटक हाम्रा कुरालाई राख्नको लागि समय माग गर्यौ तर समितिले समय उपलब्ध समेत गराएन, लोकतान्त्रिक मुलुकको संसदीय समिति नागरिकका आवाज समेत सुन्न तयार भएन, निरंकुश तरिकाले अगाडि बढेको यादवले वताए।

जनताबाट निर्वाचित माननीयहरुले हाम्रा माग, अन्तराष्ट्रिय अभ्यास, नेपाल पक्षधर सम्झौता आदिलाई समेत अध्ययन गरेर यो विधेयकमा समितिले गरेका कमजोरीहरुलाई प्रतिनिधि सभाबाट सुधार हुने अपेक्षा गरेका थियौ। तर मिति २०७९ साल श्रावण ३१ गते प्रतिनिधि सभामा धेरै सतापक्ष तथा प्रतिपक्षदलका माननीयहरुले राखेका सुझाव हरुलाई समेत बेवास्ता गरी यो विधेयक पारित गरियो। यसरी पशु स्वास्थ्य जस्तो गम्भीर विषयमा विज्ञ र प्राविधिक विच सामान्य भिन्नता समेत नदेखिने गरी विवादित विषयहरु संबोधन नगरी, दुवैध अर्थ लाग्ने गोलमटोल शब्दहरु राखी विधेयक पारित गरिएको प्रति यस एशोसिएसन गम्भीर आपत्ति रहेकको गुनासो यादवले गरे।

विदेशमा रहेका दक्ष जनशक्ति स्वदेश भित्राउने नीति र वातावरण विकास गर्नुपर्नेमा दिनानुदिन वैज्ञानिक जनशक्ति पलायन हुने अवस्था सिर्जना गरिदैछ। यस विधेयकमा भएका कमजोरीलाई सम्मानित राष्ट्रिय सभाबाट सच्याई हाम्रा जायज मागहरु सम्बोधन गर्न जोडदार माग गर्दछौ प्रेस विज्ञप्तीमा उल्लेख छ।

देशको दुर्गम तथा सुगम सबै पालिकाहरुमा पशु चिकित्सक लगायत विशेषज्ञ सेवा पुर्याउने विधेयक पेश गर्ने क्रममा गरिमामय संसदको रोष्टमबाट आफ्नो सम्मानित पदको मर्यादा र दायित्व समेत ख्याल नगरी पशु चिकित्सकहरुलाई शहर केन्द्रित भनी तथ्यहीन आरोप समेत लगाउँदै प्रतिनिधि सभाबाट उक्त विधेयक पेश गरेको र प्रतिनिधिसभाबाट पास समेत भएकोमा नेपाल भेटेरिनरी एशोसिएसन प्रदेश नं. १ को गम्भीर असहमति र आपत्ति रहेको जानकारी गराएका थिए।

पशु स्वास्थ्य तथा पशु सेवा परिषद विधेयकमा अनिवार्य सच्याउन पर्ने कुराहरुः

१) पशु चिकित्सक (भेटेरिनरी डाक्टर) र पशु स्वास्थ्य प्राविधिक हरुलाई (३५दिने तालिम लिएका जेटी/जेटिए) समान अधिकारः पशुपन्छी हरुको शल्य क्रिया, सम्पूर्ण उपचार, पोष्ट मार्टम लगाएत का विशेषज्ञ सेवामा समेत पशु चिकित्क नचाहिने व्यवस्था गरेको। त्यसकारण योग्यता अनुसारको कामको कानूनमा व्यवस्था हुनु पर्ने।

२) पशु उपचार गर्न नपाउनेलाई पशु रोगको उपचार निदान र रोकथामको अधिकार दिइएको कृषि विषय लिई एनिमल साइन्स (बीएसी एजी (एनिमल साइन्स) पढेका जनशक्तीलाई जसरले पशु स्वास्थ्यको विषय पढेका हुदैनन वा उपचार नै गर्न पाउदैन त्यस्ता जनशक्तीलाई समेत दर्ताको व्यवस्था गरी पशु उपचार र निदानको अधिकार दिइनु नहुने। त्यसैले विधेयकमा वर्गिकरण गरिएको (क) र (ख) वर्ग हटाउनु पर्ने

(३) परिभाषामा परिवर्तन गर्नु पर्ने : 'पशु स्वास्थ्य व्यवसाय' भन्नाले दर्तावाल पशु चिकित्सकको सुपरिवेक्षणमा बिरामी पशु रोगको तोकिएको उपचार, निदान, रोकथाम वा पशु स्वास्थ्य व्यवसाय सम्वन्धी कुनै कार्य सम्झनु पर्छ भन्ने वाक्यास राख्ने

४) नेपालको संविधान २०७२ अनुसार स्थानिय तहको एकल अधिकारमा माध्यामिक शिक्षा र प्रदेशको एकल अधिकारमा पशु स्वास्थ्य प्राविधिक (पाराभेट) को दर्ता नियमन लगाएतका विषय रहेकोले यस विधेयकमा फेरी घुमाउरो तरिकाबाट देश भरिबाट ३५ दिने तालिम लिएका प्राविधिकलाई समेत काठमाण्डौ मै संघमा आएर दर्ता गर्ने र निज पढ्ने शैक्षिक संस्थालाई पनि संघबाट नै अनुमति र नियमन गर्ने व्यवस्था संम्वैधानिक प्रावधान र संघीयताको मर्म विपरित देखिन्छ।

५) विधेयकको नाम नै मौजुदा ऐन संग मिल्ने र के गर्न बनेको हो भन्ने प्रस्तावना र परिभाषामा प्रस्ट छैन समय पशु सेवा क्षेत्रलाई नियमन गर्न पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ कार्यान्वयनमा रहेको अवस्थामा सो ऐन संग नबाझिने गरी पशु प्राविधिकहरुलाई मात्र बन्न लागेको यस ऐनको नाम 'पशु स्वास्थ्य प्राविधिक परिषद् ऐन, २०७२' हुन सान्दर्भिक देखिन्छ।




६) अन्तराष्ट्रिय कानुन र मान्यता विरुद्धः नेपाल १८२ देश सदस्य राष्ट्र रहेको विश्व पशु स्वास्थ्य संगठन (इक्ष्) सदस्य रहेको र यस संगठनले जारी गरेको अन्तराष्ट्रिय मापदण्ड टेरिसटेरियल एनिमल हेल्थ कोड २०१८ को २७ औं संस्करणले भेटनरी पराप्रोफेसनललाई भेटेरिनरी डाक्टरको निगरानीमा काम गर्ने भनी परिभाषित गरेको सन्दर्भमा यस प्रस्तावित विधेयकमा पशु स्वास्थ्य तथा पशु सेवा व्यावसाय भनी परिभाषित गरेकाले अन्तराष्ट्रिय मापदण्ड तथा एक स्वास्थ्यको मान्यता विपरित हुने।

७) एमआर/फुड सेफ्टी विश्वमा एमआर/फुड सेफ्टीको विषय पेचिलो बन्दै छ। यसको कारण मध्ये प्रमुख कारण भनेको भेटेरिनरी औषधिको प्रयोग र अवशेष हो भन्ने छ। यस अवस्थामा भेटेरिनरी सेवाको सञ्चालन र नियमन विज्ञहरुबाट मात्रै हुनु पर्दछ।

## श्रीकृष्ण जन्माष्टमीको अवसरमा प्रदेश १ मुख्यमन्त्रीद्धारा शुभकामना



प्रदेश नं. १ को राजधानी विराटनगरमा हरेक वर्ष श्रीकृष्ण जन्माष्टमीको भोलिपल्ट भगवान श्रीराधाकृष्णको रथयात्रा निकाल्ने ऐतिहासिक परम्परा छ। नेपालमा मात्र नभई दक्षिण एसियामै ठूलो मानिने यो रथयात्रामा लाखौं भक्तजन सहभागी हुने गरेका छन्। धार्मिक तथा सांस्कृतिक परम्पराका रुपमा निकालिने श्रीराधाकृष्ण रथयात्राको सफलताका शुभकामना व्यक्त गर्दै म यस अवसरमा सबैमा सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायु र प्रगतिको शुभकामना व्यक्त गर्दछु।

विगतका दुई वर्ष कोरोना संक्रमणका कारण प्रभावित भएको रथयात्रा यस वर्ष पनि जोखिम हटी नसकेको अवस्थालाई मनन् गर्दै तद्अनुरुपको स्वास्थ्य मापदण्ड अपनाई आफ्नो सांस्कृतिक परम्परालाई अविच्छिन्न तुल्याउन म सबै श्रद्धालु भक्तजनहरूमा विशेष अपिल पनि गर्दछु। श्रीराधाकृष्ण रथयात्रा प्रदेश नं. १ कै महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक परम्परा हो। यस दिन प्रदेश सरकारले सार्वजनिक बिदा दिने प्रचलन केही वर्षदेखि सुरु गरेको छ।

नेपाल सदियौंदेखि बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक मुलुकका रुपमा रहेको छ। यो कुरालाई नेपालको संविधानले स्वीकारसमेत गरेको छ। त्यतिमात्र होइन यो विविधता नेपाल र नेपालीको पहिचान, गहना र सम्पत्तिसमेत बनिसकेको छ। त्यसैले सबै भाषा, धर्म, संस्कृति, चाडपर्व तथा परम्पराको संरक्षण एवम् सम्बर्द्धन गर्नु राज्य र सम्पूर्ण नेपालीको साझा दायित्व हो।

हाम्रा जुनसुकै धार्मिक, सांस्कृति पर्व तथा परम्पराहरू राष्ट्रिय एकताको माध्यम बन्न सकोस् र यसबाट सबैमा एकताको भावना विकास गराउन सहयोग पुगोस् भन्ने अपेक्षासहित फेरि पनि सबै श्रद्धालु भक्तजनहरूमा श्रीराधाकृष्ण रथयात्राका अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

मिति २०७९ भाद्र ४ गते
शनिवार

राजेन्द्र कुमार राई
मुख्य मन्त्री

# अपराध अनुसन्धान समीक्षा गोष्ठी सम्पन्न



बिराटनगर। १ नम्बर प्रदेश सरकारका आन्तरिक मामिला तथा कानूनमन्त्री केदार कार्कीको प्रमुख आतिथ्यमा नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग र १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरद्वारा संयुक्त रूपमा आयोजित १ नम्बर प्रदेशस्तरीय अपराध अनुसन्धान समीक्षा गोष्ठी विराटनगरमा बिहिबार सम्पन्न भएको छ।

गोष्ठीमा १ नम्बर प्रदेश सरकारका आन्तरिक मामिला तथा कानूनमन्त्री केदार कार्कीले आपराधिक प्रवृत्तिमा परिवर्तन हुँदै गइरहेको वर्तमान परिवेशमा अनुसन्धान अधिकृतको क्षमता विकास एवं प्रविधिमूलक अनुसन्धानका निमित्त स्रोत साधनको व्यवस्थापनका लागि प्रदेश मन्त्रालयले आवश्यक गृहकार्य गरिरहेको बताउँदै अपराध अनुसन्धानको क्षेत्रमा प्रदेश सरकारले जुनसुकै प्रकारको सहयोग गर्ने प्रतिबद्धता ब्यक्त गरेको थियो

गोष्ठीलाई सम्बोधन गर्दै प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले प्रविधिको प्रयोगमार्फत् हुने अपराधहरू बढिरहेकोले यसको रोकथाम तथा नियन्त्रणमा प्रहरी स्वयम् प्रविधिमैत्री हुनुको विकल्प नरहेको बताउनुभयो। अपराध अनुसन्धानका मूख्य खम्बा अनुसन्धान, अभियोजन र न्याय निरुपणबीच आपसमा समन्वय र सहकार्य भएमा मात्र पीडितले न्याय र वास्तविक पिडकले सजाय पाउने उल्लेख गर्दै प्रहरी महानिरीक्षक सिंहले अपराध अनुसन्धानको क्षेत्रमा काम गर्ने प्रहरी कर्मचारीहरूले अझ बढी संवेदनशील भई पारदर्शी रुपमा काम गर्नुपर्नेमा जोड दिनु भएको थियो।

गोष्ठीमा १ नम्बर प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव काली प्रसाद पराजुलीले अपराध अनुसन्धानमा प्रहरीले गरेका कार्यहरू प्रशंसायोग्य रहेको बताउँदै अपराध अनुसन्धान र नियन्त्रणमा सम्बद्ध सबै निकायहरू उत्तिकै जिम्मेवार हुनुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा नेपाल प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरोका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक उत्तमराज सुवेदीले अपराध अनुसन्धानमा देखिएका समस्याबारे जानकारी लिने र त्यस्ता समस्या समाधानमा गोष्ठीले पुलको रूपमा काम गर्ने उल्लेख गर्नु भएको थियो।

गोष्ठीमा उच्च सरकारी वकिल कार्यालय बिराटनगरका सह-न्यायाधिवक्ता कोषहरि निरौलाले अपराधको प्रवृत्तिमा भइरहेको परिवर्तनले प्रहरीलाई थप चुनौति थपिएकोले प्रहरीले आफूलाई सोही अनुसार तयारी अवस्थामा राख्नुपर्ने वताएका थिए।

प्रहरी नायव महानिरीक्षक भिम प्रसाद ढकालले स्वागत मन्तव्य एवं कार्यक्रमबारे प्रकाश पार्नुभएको उक्त गोष्ठीमा १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रमुख प्रहरी नायव महानिरीक्षक सुदिप गिरीले धन्यवाद ज्ञापन गर्नुभएको थियो। उच्च अदालत बिराटनगरका रजिष्ट्रार जितेन्द्र थपलिया र मोरङ जिल्लाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले गोष्ठीमा आ-आफ्नो मन्तव्य राख्नुभएको थियो।

अपराध अनुसन्धानमा बढेका चुनौतिहरू समाधानका लागि नयाँ-नयाँ प्रविधिको प्रयोग गर्ने, १ नम्बर प्रदेशभित्रका अपराध अनुसन्धान गर्ने ईकाइहरूको वर्तमान अवस्था, विद्यमान जनशक्ति तथा स्रोत र साधनहरूबीचको अधिकतम परिचालन एवं अन्तर कार्यालय समन्वयको विकास गर्ने उद्देश्यले प्रदेशस्तरीय अपराध अनुसन्धान गोष्ठीको आयोजना गरिएको थियो।

गोष्ठीमा जिल्लास्थित विभिन्न सुरक्षा निकायका प्रमुख, विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरू, संचारकर्मी र प्रहरी कर्मचारीहरू लगायतको उपस्थिति रहेको थियो।


## हार्दिक अनुरोध

- सार्वजनिक स्थळमा छाडा चौपाया नछाडौ ।
- बाळश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति ळिएर मात्र पसळ व्यवसाय संचाळन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थळमा फोहर नफाळौ । गाउँळाई सफा राखौ ।
- महिळा हिंसा अन्त्यका ळाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुळाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

धनपालथान गाउँपालिकाको कार्यालय, कर्सिया
मोरंग, प्रदेश १





